का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ मंसिर २०८२
सोमबार
8 December 2025
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

डिपर हेर्नु

वर्ष २३, अंक २९८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# पोखरा विमानस्थलमा भ्रष्टाचार

■ ८ अर्ब ३६ करोड अनियमितता

■ पाँच पूर्वमन्त्री र १० पूर्वसचिवसहित ५५ जनाविरुद्ध मुद्दा

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं २१ मंसिर

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा भ्रष्टाचार गरेको भन्दै अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ। पूर्व पाँच जना मन्त्री, १० जना पूर्वसचिवसहित ५५जनालाई एकैपटक मुद्दा दायर भएको छ। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा विमानस्थल चीनबाट ऋण ल्याएर काम सम्पन्न गरिएको थियो। चीनको एक्जिम बैंकबाट २२ अर्ब ऋण लिएर बनाइएको पोखरा विमानस्थल निर्माणमा जनही ८ अर्ब रुपैयाँ बिगो कायम गरी विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो। मुद्दा दायर गरका ५५जनाबाट ४ खर्ब ५१ अर्ब ८३ करोड ७१ लाख ८६ हजार ६५ रुपैयाँ बिगो मागदाबी गरिएको छ।

अख्तियारले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री स्व. पोष्टबहादुर बोगटी, रामकुमार श्रेष्ठ, पृष्ठ २ मा

## न्यायिक परीक्षणमा संसद् विघटन
# ओलीकै लाइनमा देउवा





प्रतिनिधि सभा विघटन असंवैधानिक नै हो। तर कांग्रेसले पुनर्स्थापनामा होइन निर्वाचनमै जाने निर्णय गरेको छ।

■ **बद्री पाण्डे**
**सहमहामन्त्री**



असंवैधानिक तरिकाबाट बनेको सरकारले फेरि प्रतिनिधि सभा विघटन गरेर अर्को असंवैधानिक कदम चालेकाले हामी अदालत जान बाध्य भयौं।

■ **श्याम घिमिरे**
**पूर्वप्रमुख सचेतक**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २१ मंसिर

विघटित प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस फेरि नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीकै पछि लागेको छ। जेनजी आन्दोलनको मागअनुसार विघटित संसद् पुनर्स्थापनाको मुद्दा लिएर हिँडेको एमालेको पछि लाग्दै कांग्रेस पनि सर्वोच्च गएको हो।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले प्रधानमन्त्रीबाट हटेका अध्यक्ष ओलीले शुक्रबार कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटेका थिए। आन्दोलनपछि पहिलो पटक भेट्न ओली दम्पत्ती देउवा निवास महाराजगन्ज पुगेका थिए। सोही भेटमा ओलीले देउवालाई संसद् पुनर्स्थापनाका पक्षमा साथ दिन आग्रह गरेको स्रोतको दाबी छ। ओलीसँगको भेटलगत्तै कांग्रेसको संस्थापन पक्ष संसद् ब्युँताउने प्रयासमा लागेको देखिन्छ।

यद्यपि संसद् पुनर्स्थापना विषयमा पार्टीले संस्थागत निर्णय भने गरेको छैन। डेढ महिना लामो केन्द्रिय समिति बैठकपछि पृष्ठ २ मा



# अवैध बाटो अमेरिका
## ट्रम्प आएपछि ३ सय ५१ नेपाली डिपोर्ट

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २१ मंसिर

दाङका एक युवाले आफ्नो अमेरिका जाने सपना पूरा गर्न दलाललाई ९० लाख रुपैयाँ बुझाए। ऋण खोज्दै किस्ताकिस्तामा उनले सो रकम बुझाएका थिए। २०८० सालमा उनी तल्लो बाटो भनिने अवैध मार्ग हुँदै अमेरिका पुगे। तर त्यहाँ पुग्नेबित्तिकै अमेरिकी प्रहरीले पक्राउ गरिहाल्यो र नेपाल फकाईदियो।

तल्लो बाटो अमेरिका पुग्न उनलाई झन्डै नौ महिना लागेको थियो। तर अमेरिकाबाट नेपाल फर्किन ९ घण्टा पनि लागेन। अमेरिकाले डिपोर्ट गरेर उनलाई मानव बेचबिखन अनुसन्धान ब्युरोको जिम्मा लगायो। ब्युरोमा हाजिरी लगाएर घर फर्केका उनले जति परामर्श दिए पनि दलालविरुद्ध उजुरी दिएनन्। 'दाइ नाता पर्ने माध्यमबाट अमेरिका गएको हुँ। पैसा पनि पुरै बुझाएको हुँ,' ती युवाले मध्यान्हसँग भने, 'आफ्नै नाता पर्ने दाजुलाई के मुद्दा चलाउनु।'

अमेरिकाबाट फर्किनुपर्ने स्थितिमा फेरि पठाउन सकिने वा आधा रकम फिर्ता पाउने पूर्वसहमतिमा उनी गएका थिए। अमेरिका जाँदा लिएको ऋणको ब्याज बढेर करोड नाघिसकेको छ। उनीसँग भने अमेरिका जाने सपना अझै जीवितै छ। ' फेरि जाने मौका मिल्यो भने अमेरिका जाने हो, नेपालको कमाइले पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# रुसले भारतबाट ठूलो संख्यामा कामदार लैजाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ मंसिर

भारत र रुसबीच ठूलो संख्यामा भारतीय कामदार लैजाने विषयमा सम्झौता भएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको गत साता सम्पन्न बहुप्रतीक्षित भारत भ्रमणको अवसरमा जनशक्ति गतिशीलता सम्झौतामा हस्ताक्षर गरिएको छ।

उक्त सम्झौतापछि भारतीय कामदारहरूका लागि रुसमा सीपमा आधारित रोजगारीको अवसरका लागि नयाँ बाटो खुलेको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्। भारत सरकारले रुसी नागरिकहरूका लागि ३० दिनको नि:शुल्क पृष्ठ २ मा

## पोर्चुगलको मदेइरामा दूतावासको घुम्ती शिविर

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २१ मंसिर

पोर्चुगलको लिस्बनस्थित नेपाली दूतावासले सामुद्रिक टापु 'मदेइरा'मा राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी कन्सुलर सेवा दिन सुरु गरेको छ।

पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलको नेतृत्वमा गएको दूतावासको टोलीले मदेइरा आइल्यान्डको पृष्ठ २ मा

UAE को प्रतिष्ठित कम्पनीमा महिला तथा पुरुषलाई रोजगारी

कम्पनी: CONNECT RESOURCES L.L.C | शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०१/१९ | चलानी नं.: ६०२३६७८२ | LT. No.: 322743 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales officer (E-Picker) | 30 | 0 | सम्बन्धित कामममा दक्ष | 1300 | ५०,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping attendant | 0 | 80 | | 2300 | ८९,९७६ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sales Officer को लागि सामान्य अंग्रेजी बोलचाल र लेखपढ गर्न सक्ने भई उमेर १९ देखि ३८ वर्ष भित्रको हुनुपर्नेछ।
Housekeeping Attendant को लागि राम्रोसँग अंग्रेजी बोलचाल र लेखपढ गर्न सक्ने र उमेर १९ देखि ४२ वर्ष भित्रको हुनुपर्नेछ।

साथै यस कार्यलयका लागि Office secretory, PRO-tiktok live बस्ने, व्यापक कामदार उपलब्ध गराउन सक्ने) को आवश्यता रहेको हुनाले इच्छुकहरूले सम्पर्क गर्नुहोला।

फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिद्वारा काठमाडौंमा २०८२ मंसिर २३ र २४ गते (9 & 10 December 2025) मा हुनेछ

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो, सृजनटोलसँगै काठमाडौं
Phone - 014982296 | 9801175502, 9801012690, 9801051244, 9801175503,9801175510
श्रम इजाजत नं. ६३९/०६३/०६४

VACANCY ANNOUNCEMENT
One of the leading Manpower Recruitment company in Sinamangal Kathmandu is seeking for following applicants.

Documentation : 3 (Male/Female)
Requirements:-
- 10+2 from English Medium.
- Minimum 2 to 3 Years Experienced in Related Fields.

Labour Depart: 2 (Male/Female)
Requirements:-
- Good verbal and written communication Skills.
- Minimum 2 to 3 Years Experienced in Related Fields.

Social Media Handler: 3 (Female)
Requirements:-
- Strong s kills in content creation. Strong writing & visual skills, deep platform knowledge, creativity, analytics understanding and great communication.
- Minimum 2 to 3 Years Experienced in Related Fields.

Public Relation Officer : 5 (Male/Female)
Requirements:-
- 10+2 from English Medium.
- Minimum 2 to 3 Years Experienced in Related Fields.

Receptionist : 2 (Female)
Requirements:-
- 10+2 from English Medium.
- Minimum 2 to 3 Years Experienced in Related Fields.

Salary Negotiable

Send Your CV at : info@alsecuremanpower.com | Mobile No:9802070419.

Al Secure Manpower Recruitment P. Ltd.
Sinamangal-09, Kathmandu, Nepal.
श्रम इजाजत नं.: ८२३/०६६/०६७
Tel: 01-4592900, 4590800, 4589700, 4590800 | Website: www.alsecuremanpower.com

बालअधिकारको रक्षा गरौं।

- माया, ममता, संक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- बालअधिकारको रक्षा गरौं,
- बालबालिकाको जन्मदर्ता अनिवार्य गरौ,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं,
- घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔं,
- बालअधिकारप्रति संवेदनशील बनौं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं ।

*बालअधिकार सुनिश्चित गरौं,*
*उज्ज्वल भविष्यको निर्माण गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ मंसिर २०८२ सोमबार
8 December 2025 Monday

## सर्वोच्चले फैसलामै लेख्यो–

# मुद्दाको मिसिल छैन

**अदालत प्रशासनका अनुसार सर्वोच्चमा भदौ २३ गतेसम्म २४ हजार २ सय ३४ वटा मुद्दा विचाराधीन थिए । त्यसमध्ये २० हजार ३४ वटा विचाराधीन मुद्दाको मिसिल जलेको छ । ४ हजार २ सय मुद्दाका मिसिल भने बचेका छन् ।**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ मंसिर

जेनजी आन्दोलनका क्रममा जलेको सर्वोच्च अदालतले प्रांगणबाटै सेवा दिइरहेको छ । प्रांगणमै सुनुवाइ हुन्छ र फैसला लेखिन्छ । साथसाथै, विगतमा फैसला भइसकेकाको पूर्णपाठ लेख्ने कामले समेत निरन्तरता पाइराखेको छ । फैसलाको पूर्णपाठ तयार गर्दा जलेका मिसिलको सक्कल अभिलेख नभेटिएको खण्डमा फैसलामै 'मुद्दाको सक्कल मिसिल नभएको' लेख्न थालिएको छ ।

२३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । २४ भदौमा देशका अन्य २३ वटा अदालतसहित सर्वोच्च अदालत पनि जल्यो । सर्वोच्च अदालतमा रहेका संवैधानिक इजलास, मुद्दा फाँट, अभियान फाँट, रिट शाखा सबै जले । अदालतको भवन वा कोठा मात्रै जलेन, अदालतमा रहेको मिसिलसमेत जले ।

सर्वोच्च अदालत प्रशासनका अनुसार त्यसबेला ९ लाख ३३ हजार ८ सय बढी मिसिल जलेका छन् । जलेका मिसिलमा फैसला हुन बाँकी विचाराधीन मुद्दाको संख्या २६ हजार ५ बढी छ । यी विचाराधीन मुद्दाको फैसला त मिसिल जल्दा प्रभावित हुने नै भए । यस्तोमा अदालतले पनि मुद्दाको मिसिल छैन भनेर लेख्न थालेको हो ।

### जेनजी आन्दोलनमा जल्यो अभिलेख

अदालत प्रशासनका अनुसार सर्वोच्चमा भदौ २३ गतेसम्म २४ हजार २ सय ३४ वटा मुद्दा विचाराधीन थिए । त्यसमध्ये २० हजार ३४ वटा विचाराधीन मुद्दाको मिसिल जलेको छ । ४ हजार २ सय मुद्दाका मिसिल भने बचेका छन् । बचेका मिसिलमा रिटतर्फ २ हजार ५ सय ९ र मुद्दाका १ हजार ६ सय ९१ थान मिसिल रहेका छन् ।

मिसिल जलेको अवस्थामा प्रमाण जुटाउन अदालतलाई मुस्किल परेको हो । यसकारण जेनजी आन्दोलनका क्रममा अदालतमा भएको आगजनीका कारण मिसिल जलेका र सक्कल अभिलेख नभेटिएका मुद्दाको पूर्णपाठ तयार गर्दा फैसलाको अन्तिममा नष्ट भएको बेहोरा उल्लेख गर्न सुरु गरिएको हो ।

अदालत प्रशासनका अनुसार फैसला लेखन बाँकी रहेका मुद्दा आगजनी भई नष्ट भएको हकमा इजलास अधिकृतले न्यायाधीशहरूलाई इमेलमा पठाएको कागजात, तथ्य प्रमाणलाई हेरेर फैसला लेख्ने काम भइरहेको छ । सक्कल मिसिल नभएकाले ८ देखि १० पानाको फैसलाको पूर्णपाठ लेख्ने काम भइरहेको छ । साथै अन्तिममा फैसलाको पूर्णपाठ तयार गर्दा मुद्दाको सक्कल मिसिल नभएको उल्लेख गरिएको छ ।

सर्वोच्च अदालत प्रमाणीकरण निर्देशिकामा यससम्बन्धी व्यवस्था छ । फैसला लेखन बाँकी रहेका नष्ट भएका मिसिलहरूको हकमा के गर्ने भन्ने विषयअन्तर्गत विशेष परिस्थितिका कारण नष्ट भएको मिसिल कागजात प्राप्ति र प्रमाणीकरणको प्रावधान छ ।

सर्वोच्च अदालतको फुलकोर्ट बैठकले बनाएको निर्देशिकाअनुसार अदालतले धमाधम फैसलाको अन्तिममा दृष्टव्य खण्डमा मिसिल जलेको र प्राप्त टिपोट र तथ्यका आधारमा फैसला तयार पारिएको उल्लेख गर्न थालिएको हो । ट्रेडमार्क विवादसम्बन्धी इटालीको एक कम्पनीले नेपाली कम्पनीलाई विपक्षी बनाई दायर गरेको मुद्दाको फैसलामा यस्तै भाषा लेखिएको छ । सो फैसलाको द्रष्टव्य खण्डमा मिसिल जलेको र प्राप्त टिपोट तथा तथ्यका आधारमा फैसला लेखिएको उल्लेख छ ।

जहाँ भनिएको छ, 'प्रस्तुत फैसलाको पूर्णपाठ तयार नहुँदै मिति २०८२/०५/२४ गते यस अदालतमा भएको आगजनी, तोडफोड र लुटपाटका कारण यस मुद्दाको सक्कल मिसिल नभेटिएको हुँदा इजलासबाट मिसिल अध्ययन भई एवं इजलास अधिकृतबाट सोअघि मिसिल हेरी तयार गरी न्यायाधीशसमक्ष पठाएको टिपोट तथा मुद्दा व्यवस्थापन प्रणालीमार्फत निकालिएको मुद्दाको स्थितिसमेतका आधारमा यो फैसला तयार गरिएको ।'

यस्तो अवस्थाका कारण कतिपय मुद्दाको सन्दर्भमा फैसला नै प्रभावित हुन सक्छ । के कारणले कस्तो फैसला भएको हो भनेर दिइने प्रमाण नै दिन नपाउने अवस्था बनेको छ । यस्तो अवस्थामा रहेका मुद्दाहरूमा कर छली, मूल्य अभिवृद्धि कर, भ्रष्टाचार, अदालतको अवहेलना, कर्तव्य ज्यान, जबरजस्तीकरणी, लागूऔषध, सरकारी सम्पत्ति हिनामिनालगायत मुद्दाहरू रहेका छन् । जसको फैसला भई पूर्णपाठ लेख्न बाँकी छ ।

पूर्णपाठ लेख्न बाँकी मुद्दाहरूमा यौन दुराचार मुद्दामा दोषी ठहर भएका राष्ट्रसंघका पूर्वउच्च सरकारी कर्मचारी पिटर जोन डाल्गासिसको बन्दीप्रत्यक्षीकरण रिटदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्समेतलाई विपक्षी बनाएर दायर गरेका रिटसमेत छन् ।

अर्कोतर्फ पेसीमा चढेका मुद्दामा मिसिल जलेको हकमा मिसिल प्राप्तिको आदेश पनि भइरहेका छन् । प्राप्त भएका मिसिलमध्ये हालसम्म ६० थान मुद्दामा पेसी चढेर सुनुवाइ भइसकेको छ । अदालतले मुद्दाका पक्ष, सरकारी वकिल तथा सरोकारवालासँग समेत मिसिल कागजात माग गरिएको छ ।

---

### पोखरा...

भीमप्रसाद आचार्य, दीपकचन्द्र अमात्य, तत्कालीन अर्थमन्त्री रामशरण महत रहेका छन् । यस्तै, तत्कालीन सचिव र कर्मचारीमा सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, सुमनप्रसाद शर्मा, भेषराज शर्मा, सहसचिव रञ्जन कृष्ण अर्याल, मोहलकृष्ण सापकोटा, लोकबहादुर खत्री, नेपाल नागरिक उड्डयन प्राधिकरण समितिको तत्कालीन सदस्य मनरूप शाही, ज्योति अधिकारी, मनोज कार्की, फुर्वा छिरिङ शेर्पा, सुरेश आचार्य, मदन खरेल, मुक्तिनारायण पौडेल र सूर्यप्रसाद आचार्य लगायतलाई गैरकानुनी लाभ वा हानी पुऱ्याएर भ्रष्टाचार गरेको आरोप अख्तियारले लगाएको छ ।

यस्तै, अख्तियारले चिनियाँ सिएएमसी इन्जिनियरिङ कम्पनीलाई समेत मुद्दा दायर गरेको छ । सो कम्पनीले पनि मिलेमतो तथा योजनामा स्वीकृत लागत अनुमान १६९.६९७ मिलियन अमेरिकी डलरलाई आस्वाभाविक रूपमा बढाई सोहीको आधारमा मूल्य अभिवृद्धि कर र कन्टेन्जिन्सीबाहेक २१५.९६५ मिलियन अमेरिकी डलर (मूल्य अभिवृद्धि करसमेत २४ करोड ४० लाख ४० हजार ४ सय ५० अमेरिकी डलर) मूल्य कायम गरी कमर्सियल कन्ट्रयाक्ट एग्रिमेन्ट गरेको उल्लेख गरिएको छ ।

अस्वाभाविक लागत अनुमान बढाई अस्वाभाविक मूल्य तिरी पोखरा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थल निर्माणको खरिदको प्रक्रिया अगाडि बढाइएको अख्तियारको ठहर छ ।

अख्तियारले स्वीकृत लागत अनुमानभन्दा बढी अस्वाभाविक मूल्य कायम गरेर २०७५ साउन २५ देखि फागुन ८ गतेसम्मको अवधिमा २२ करोड ४७ लाख ७२ हजार ८७ दशमलव ९६ अमेरिकी डलर अर्थात् १ अर्ब ४१ करोड ९३ लाख ४५ हजार ८ सय २६ दशमलव ६५ आरएमबी रकम (मूल्य अभिवृद्धि करसमेत) निर्माण व्यवसायी चाइना सिएएमसी कम्पनी लिमिटेडलाई भुक्तानी गरेको उल्लेख गरेको छ। जसमध्ये भुक्तानी भएको रकममध्ये ७ करोड ४३ लाख ४३ हजार ४ सय ५० अमेरिकी डलर अस्वाभाविक लागत अनुमान बढाई सोहीको आधारमा अस्वाभाविक मूल्य तिरी निर्माण खरिद गरेको समेत अख्तियारले आरोप छ ।

सार्वजनिक खरिद कानुन र ठेक्काका सिद्धान्तविपरीत नै भए पनि चालू बोलपत्रको प्रक्रियाअनुसार जसरी भए पनि आफैंले ठेक्का हात पारी गैरकानुनी लाभ प्राप्तिका लागि ठेक्का प्रक्रियामा संलग्न रहेका तथा ठेक्का प्रक्रियामा प्रभाव पार्ने काम भएको अख्तियारले ठहर गरेको छ ।

२०६९ फागुन ४ को मन्त्रिपरिषद् बैठकले परियोजना निर्माणको कुल लागत नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृत लागतको सीमाभित्र रहने र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट आकार, प्रकार, संख्या, गुणस्तर र डिजाइन स्वीकृत गर्ने र दातृपक्षसँग परामर्श गरी ठेक्का प्रक्रिया टुंगो लगाउन सैद्धान्तिक सहमति दिएको थियो । तर सो निर्णयको अपव्याख्या गरी नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन उपमहानिर्देशक सुमनकुमार श्रेष्ठले फागुन १५ मै चिनियाँ सिएएमसी इन्जिनियरिङ कम्पनीलाई लिखित पत्राचार गरेको अख्तियारले जनाएको छ ।

मन्त्री, कर्मचारी र निर्माण कम्पनी चाइना सिएएमसी इन्जिनियरिङकम्पनीदेखिप्राधिकरणका कर्मचारीको मिलोमतोमा अनुमान संशोधन गरी गराई अस्वाभाविक लागत अनुमान बढाई अस्वाभाविक रूपमा निर्माणको काम गरिएको उल्लेख गरिएको छ ।

### ओलीकै...

कांग्रेसले प्रतिनिधि सभाको निर्वाचनमै जाने आधिकारिक निर्णय गरेको छ । तर संस्थापन पक्षका ४५ जना सांसदले संसद् ब्युँताउने पक्षमा हस्ताक्षर गरेका छन् । विघटित प्रतिनिधि सभामा कांग्रेसको ८९ सिट छ ।

पार्टी जिम्मेवारी कार्यबहाक सभापति पूर्णबहादुर खड्कालाई सुम्पेका सभापति देउवाको आडमा उनीनिकट सांसदहरूले संसद् पुनर्स्थापनाको पक्षमा हस्ताक्षर गरेका थिए । ओली-देउवाबीचको भेटपछि एकाएक अदालत जाने तयारी भएपछि संस्थापनइतर समूहका नेताहरूले देउवाको सक्रियता बढेको आशंका गरेका छन् । पार्टीको निर्णयविपरीत संसद् ब्युँताउने मुद्दामा जानु वर्तमान राजनीतिक परिस्थितिविपरीत हुने महामन्त्री गगन थापा समूहको ठम्याइ छ । कांग्रेस एमालेकै लाइनमा संसद् पुनर्स्थापनाको मुद्दामा लाग्न नहुने संस्थापनइतर नेताहरुको मत छ । कांग्रेसले डेढ महिना लामो छलफलपछि वर्तमान सरकारले घोषणा गरेको चुनावमा जाने निर्णय लिएको थियो ।

यस विषयमा कांग्रेसको संस्थापनइतर समूहका सांसदहरूले भने हस्ताक्षर गरेका छैनन् । संसद् ब्युताउने र सरकारले घोषणा गरेको चुनावमा जाने भन्ने दुईवटा समूह कांग्रेसमा देखिएको छ । कांग्रेस सहमहामन्त्री बद्री पाण्डेले मध्यान्हसँग भने, 'संसद् विघटन असंवैधानिक नै हो । तर कांग्रेसले संसद् पुनर्स्थापनामा जाने भनेर निर्णय गरेको छैन । निर्वाचनमै जाने भन्ने निर्णय पार्टीको अधिकारिक निर्णय हो ।' तर सांसदहरूले आफ्नो अधिकारस्वरूप संसद् पुनर्स्थापनाको मुद्दामा लागेको हुन सक्ने उनको भनाइ छ । कांग्रेसको तर्फबाट विघटित प्रतिनिधि सभाका संसदीय दलका प्रमुख सचेतक घिमिरे र सचेतक सुशीला थिङसहित आठ जना सांसद निवेदक बनेर रिटअघि बढाएको बताइएको छ । उक्त रिट दर्ताका पूर्वन्यायाधिवक्ता खम्बबहादुर खातिलाई दिइएको छ । खाती कांग्रेस निर्वाचन समिति संयोजक पनि हुन् ।

कांग्रेसका तत्कालीन प्रमुख सचेतक श्याम घिमिरेले कांग्रेसका संसद् विघटन असंवैधानिक रहेकाले सर्वोच्च जानुपरेको बताए । उनले मध्यान्हसँग भने, 'अहिलेको सरकार नै संवैधानिक तरिकाबाट बनेको थिएन, यो एउटा राजनीतिक निर्णय हो । यस्तो असंवैधानिक सरकारले फेरि अर्को असंवैधानिक काम गरेकाले अदालत जानुपरेको हो ।'

जेनजी आन्दोलनको मुख्य माग भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्नु भए पनि विभिन्न शक्तिको खेलमा असंवैधानिक तरिकाले मुलुक र जनतामाथि धोका भएको उनको तर्क छ । 'जनताको सर्वोच्च निकाय संसदबाटै सबैखालका समस्या समाधान गर्न सकिने भएकाले पुनर्स्थापना गरेर सदनबाटै विकल्प खोजिनुपर्छ,' घिमिरेले भने ।

जेनजी आन्दोलनपछि राजनीतिक नेतृत्वविहीन भएको मुलुकलाई नेतृत्व प्रदान गर्न राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ६१ अनुसार आवश्यकताको सिद्धान्तअनुरुप पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेका हुन् । प्रधानमन्त्री नियुक्त भएलगत्तै २७ भदौको मध्यरातमा उनले संसद् विघटनको सिफारिस राष्ट्रपति पौडेलसमक्ष गरेकी थिइन् । सोही सिफारिसमा पौडेलले प्रतिनिधि सभा विघटन गरेका थिए ।

दोस्रो ठुलो दल एमालेले प्रतिनिधि सभा पुनर्स्थापना हुनुपर्ने भन्दै पार्टीका तर्फबाट तत्कालीन संसदीय दलका मुख्य सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले रिट दायर गरेका थिए । सो मुद्दामा सर्वोच्च अदालतको संवैधानिक इजलासले कारण देखाऊ आदेश जारी गरेको थियो । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहितको पाँच न्यायाधीशको इजलासले गत बुधबार सात दिनभित्र लिखित जवाफ पेस गर्नु भनी आदेश जारी गरेको थियो । संवैधानिक इजलासले यसअघि दर्ता भएर विचाराधीन रहेका प्रतिनिधि सभा विघटनविरुद्धका रिटहरूसँगै राख्न आदेश पनि गरेको छ ।

अदालतले दिएको आदेशअनुसार अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले जवाफ पेस गरिसकेकी छन् । जेनजी आन्दोलनको जनादेशअनुसार देशलाई निकास दिन राष्ट्रपतिले नागरिक सरकार बनाउन आफूलाई प्रधानमन्त्री नियुक्त गरेको र त्यसैको सिलसिलाबद्ध कदमका रूपमा प्रतिनिधि सभा विघटन र नयाँ निर्वाचनको मिति घोषणा गरेको जवाफ दिइसकेकी छन् । विचाराधीन अवस्थामा रहेको सो मुद्दालाई अझ बलियो बनाउने उद्देश्यका साथ आइतबार कांग्रेसका सांसदहरूले समेत सोही मुद्दा थप गरेका हुन् । कांग्रेसको तर्फबाट रिट दर्तालगायतको कानुनी संयोजन पूर्वमहान्यायाधिवक्ता खम्म खातीलाई दिइएको तत्कालीन मुख्य सचिव श्याम घिमिरेले बताए ।

प्रधानमन्त्री कार्कीले अघिल्लो सरकारप्रति नागरिकको विश्वास नभएकाले आफ्नो नेतृत्वमा अन्तरिम सरकार गठन गर्नुपरेको दाबी गरेकी छन् । संवैधानिक व्यवस्थाविपरीत पूर्वप्रधानन्यायाधीशलाई प्रधानमन्त्री बनाइएको र उनै प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गरेको भनी दायर रिट निवेदन सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छ । यसअघि एमाले अध्यक्ष ओलीले आफू प्रधानमन्त्री भएकाबेला २०७७ पुस ५ र २०७८ जेठ ८ मा प्रतिनिधि सभा विघटन गरेका थिए । ती दुवै विघटनलाई बदर गर्दै सर्वोच्चले संसद् पुनर्स्थापना गरेको थियो ।

### अवैध...

ऋण तिरिँदैन,' ती युवाले भने ।

गत मंसिर ४ गते उनीजस्तै ३५ नेपाली एकै दिन डिपोर्ट भएर काठमाडौं आए । त्यसको हप्ता दिन नपुग्दै अरू दुई नेपाली पनि डिपोर्ट भए । अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भएयता ३ सय ५१ जना नेपाली डिपोर्ट भइसकेका छन् ।

निर्वाचित भएपछि ट्रम्पले अमेरिकामा अवैध आप्रवासीप्रति कडा नीति लिएका थिए । जसअनुसार उनले अवैध रूपमा अमेरिकामा बस्दै आएका आप्रवासीहरूलाई फिर्ता गर्ने अभियान सुरु गरे । त्यसो त बितेका ६ वर्षमा अवैध रूपमा अमेरिका पुगेका ५ सय ७८ नेपाली डिपोर्ट भएर घर फर्काइएका छन् ।

डिपोर्ट भएर नेपाल फर्काइएका ७५ जनाले मात्रै मुद्दा दर्ता गराएको मानव बेचबिखन अनुसन्धान ब्युरोले जनाएको छ । त्यसरी आएका नेपालीलाई न्याय दिलाउन ब्युरोले आवश्यक सहयोग गर्ने भन्दै आएको छ । तर धेरैले उजुरी दिन नचाहेको ब्युरोका सूचना अधिकारी विश्वराज खड्का बताउँछन् । 'डिपोर्ट भएर आएका अधिकांश नेपाली तल्लो बाटो भनिने अवैध मार्गबाट गएका हुन्,' सूचना अधिकारी खड्काले भने, 'मुद्दा दर्ता गराउन आउँछौं भनेर जान्छन् तर फर्केर आउँदैनन् ।'

डिपोर्ट भएर आउनेलाई ब्युरोले अमेरिका जाँदा लागेको खर्च, पठाउने व्यक्तिबारे सोधीखोजी गरेर अनुसन्धान गर्छ । 'अमेरिका पठाउने मान्छे उनीहरूकै नातेदार, चिनेजानेका हुन्छन्,' उनले भने, 'पैसा फिर्ता पाउने केही आस हुन्छ होला । त्यही भएर पनि उजुरी दिन आउँदैनन् ।'

अवैध तरिकाले तल्लोबाट अमेरिका पुगेकाहरूले ८० लाखदेखि १ करोड १० लाख रुपैयाँसम्म एजेन्टलाई पैसा बुझाएको पाइएको छ । विभिन्न देश हुँदै अवैध बाटोबाट अमेरिका पुग्नै पनि महिनौं लाग्छ । त्यसरी पुगेको दुई वर्षपछि पनि अमेरिकाले डिपोर्ट गरेको छ ।

डिपोर्ट भएर आउनेहरू अधिकांश संगठित गिरोहलाई रकम बुझाएर अवैध बाटोबाट अमेरिका प्रवेश गरेको देखिएको खड्काले बताए । विभिन्न देशमा सक्रिय गिरोहमार्फत उनीहरू अवैध ढंगले अमेरिका छिर्ने गरेका छन् ।

अमेरिकाबाट फर्काइएकाहरूमा धेरै दाङ, रोल्पा, पश्चिम रुकुम र पूर्वी रुकुमका रहेको ब्युरोले जनाएको छ । त्यसबाहेक सल्यान, म्याग्दी, पर्वत, बाँके, बागलुङ, सिन्धुपाल्चोक, काठमाडौं, जाजरकोट, दोलखा, कास्की, कैलाली, कञ्चनपुर, गोरखा, जुम्ला, झापा, डोटी, डोल्पा, धनकुटा, पर्सा, मकवानपुर, मुस्ताङ, मोरङ, सिन्धुली र सुनसरीका पनि छन् ।

अमेरिकामा विद्यार्थी भिसामा गएका केही विद्यार्थी कलेजमा नवीकरण नगरी भिसाविपरीत काम गरेको पाइएपछि फर्काइएका पनि छन् । केही व्यक्ति भने भिजिट भिसामा गएर काम गर्न थालेपछि पक्राउ परेर डिपोर्ट भएको पाइएको खड्का बताउँछन् ।

अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प निर्वाचित भएसँगै त्यहाँको प्रशासनले कडा अध्यागमन नीति अख्तियार गरेको थियो । त्यसपछि सामान्य कसुरमा पक्राउ गर्दै अवैध आप्रवासीलाई घर फर्काउन थाल्यो । अमेरिकी राष्ट्रपति ट्रम्पले २० जनवरी २०२५ बाट दोस्रो कार्यकाल सुरु गरेका थिए । त्यसलगत्तै नेपालसहित विभिन्न देशबाट गैरकानुनी रूपमा अमेरिका पुगेका आप्रवासीलाई निष्कासन गर्ने नीति लिए । त्यहाँको अध्यागमन र भन्सारको संयुक्त संयन्त्रले कागजातविहीन आप्रवासीलाई धरपकड सुरु गरेको थियो । उनीहरूलाई चार्टर विमानबाट नेपाल फर्काइयो ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले अवैध रूपमा अमेरिका जानेहरू किन जान्छन् भन्नेबारे मन्त्रालयलाई जानकारी नभएको बताए । 'उनीहरू व्यक्तिगत रूपमा अवैध तरिकाले जान्छन् । त्यसमा मन्त्रालयको स्वीकृति हुँदैन,' उनले भने, 'हामीले त वैधानिक रूपमा जानुपर्छ भन्छौं ।' अध्यागमनको मापदण्ड पालना गरेर अमेरिका वा कुनै देश गएमा डिपोर्ट भएर आउनु नपर्ने पौडेल बताउँछन् । अवैधानिक रूपमा अमेरिका वा अन्य देश जानेहरू जुनसुकैबेला समस्यामा पर्न सक्ने भएकाले वैधानिक बाटोबाट मात्र विदेश जानुपर्ने उनको सुझाव छ ।

### रूसले ...

भिसाको घोषणा गरेको छ । रुसमा बढ्दो निर्माण क्षेत्र, तेल, ग्यास, आइटी र ठुला उद्योग क्षेत्रहरूमा जनशक्तिको अभाव देखिएको छ । भारतसँगको सम्झौतापछि रुसले प्रमुख श्रम समस्या समाधान गर्ने बताएको छ ।

वर्क इन सरिया फेड जस्ता एजेन्सीहरूमार्फत वर्क पर्मिट र सम्झौताहरूको सावधानीपूर्वक अनुगमन गरिने बताइएको छ । युक्रेन द्वन्द्व र औद्योगिक रोजगारीमा स्थानीय चासोको अभावका कारण रुसलाई विदेशी कामदार चाहिएको र भारतले आफ्ना कामदारहरू पठाउन चाहेपछि सम्झौता भएको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

रुसलाई सन् २०३० सम्ममा सैन्य-औद्योगिक परिसर, निर्माण, तेल, ग्यास, आइटी र स्वास्थ्य सेवामा ३.१ मिलियन विदेशी कामदारको आवश्यकता पर्ने अनुमान गरिएको छ । भारतीय कामदारहरूको मुख्यगरी निर्माण परियोजनाहरूका अतिरिक्त इन्जिनियरिङ, आइटी, शिक्षा र प्राविधिक क्षेत्रमा काम गर्ने बताइएको छ ।

सेमी कन्डक्टर भनिने विद्युत् र इलेक्ट्रोनिक्स, पेट्रोलियम, रसायन क्षेत्रमा पनि भारतीय कामदारका लागि अवसर सिर्जना भएको बताइएको छ । नेपाल खाडी मुलुक र मलेसिया जस्ता परम्परागत श्रम गन्तव्यमा कामदार पठाउन सीमित देखिन्छ । तर भारतले यी परम्परागत गन्तव्यसहित ताइवान, इजरायल र रुस जस्ता मुलुकमा कामदार पठाउन तदारुकता देखाइरहेको छ । रुसका मस्को, सेन्ट पिटर्सबर्ग र अन्य औद्योगिक क्षेत्रमा विदेशी कामदारको उच्च माग रहेको बताइएको छ ।

### पोर्चुगलको...

फुन्चालमा घुम्ती शिविर सञ्चालन गरेर शनिबारदेखि राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी कन्सुलर सेवा दिन थालेको हो । घुम्ती सेवाको पहिलो दिन शनिबार करिब ५५ जना सेवाग्राही नेपालीले सेवा लिएको टोलीले जनाएको छ ।

राहदानी नवीकरण तथा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट)लगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई घुम्ती शिविरमार्फत मदेइरामै सेवा दिन सुरु गरिएको राजदूत पौडेलले बताए । दुई दिनसम्म सञ्चालन हुने घुम्ती शिविरबाट मदेइरा क्षेत्रमा बसोबास गर्ने एक सय बढी नेपालीले सेवा लिने अपेक्षा गरिएको उनले बताए । आइतबारसम्म सञ्चालन हुने शिविरमा उपस्थित भई राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणसम्बन्धी सेवा लिन राजदूत पौडेलले मदेइरावासी नेपाली समुदायलाई विशेष आग्रहसमेत गरे ।

शिविर अवधिभर दूतावासको टोलीले राहदानीको म्याद सकिएका, हराएका, क्षति भएका तथा राहदानीको म्याद ६ महिनाभन्दा कम रहेकाको विद्युतीय राहदानी (ई-पासपोर्ट) का लागि जैविक विवरणसहितको आवेदन संकलन गर्नेछ । यस्तै प्रहरी रिपोर्ट, पारिवारिक कागजातलगायत अन्य कागजात प्रमाणीकरण, अधिकृत वारेसनामा प्रमाणीकरणलगायतका सेवा प्रदान गरिने दूतावासले जनाएको छ । दूतावासले मदेइरा टापुमा पहिलोपटक घुम्ती शिविर सञ्चालन गरेको हो ।

घुम्ती शिविरले राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका मदेइरावासी नेपालीलाई राहत मिलेको गैरआवासीय नेपाली संघ पोर्चुगलका पूर्वमहासचिव निराजन सुवेदीले बताए । मदेइरामै राहदानी नवीकरण तथा कागजात प्रमाणीकरणसम्बन्धी सेवा लिन पाउँदा मदेइरा क्षेत्रमा बसोबास गर्ने नेपालीहरूका लागि अत्यन्तै सहज भएको सुवेदीले बताए ।

यसअघि गत महिना पनि दूतावासले पोर्चुगलको फारो सहरमा घुम्ती शिविर सञ्चालन गरेर दुई सय नेपालीलाई सेवा दिएको थियो ।


**खान, बस्न फ्री ! Doha Int'l Airport मा रोजगारी !!**

कम्पनी: AL NASR STAR GROUP FOR TRADING AND CONTRACTING AND SERVICES
शहर: Doha Qatar
पूर्व स्वीकृत मिति: २०८२/०८/२१
चलानी नं.: ६०२४८४९७
LT. No.: 334814

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | AED | ने. रू. |  |  |  |  |  |  |  |
| 1. | General Assistant(Labour) | 50 | 0 | स. काममा दक्ष | 1000 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

सामान्य अंग्रेजी र हिन्दी बोलचाल तथा लेखपढ गर्न सक्ने उमेर २१ देखि ३९ वर्ष भित्रको हुनुपर्नेछ, उचाई ५ फिट देखि माथि र Neat & Clean हुनुपर्ने छ ।
कामदारहरूले दोहा इन्टरनेशनल क्लिनर, Trolley Boy, जनरल हेल्पर, ब्यागेज कलेक्टर, लोडिङ, अनलोडिङ लगायत सम्पूर्ण कार्य गर्नुपर्ने छ ।

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २६ गते (12 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी चोक city square बाट ज्ञान संसार स्कुल हुँदै महादेवटार जाने बाटो,सृजनटोलसँगै काठमाडौं
Tel : 01- 014982296 | 9801012690, 9801051244 | E-mail : pro@anjalioverseas.com.np

# पदम मेघालयबाट फर्किएपछि यसरी खुल्यो अंशु हत्याको रहस्य

**मध्यान्ह संवाददाता**
विराटनगर, २१ मंसिर





मोरङको लेटाङ-२ की १३ वर्षीया अंशु गौतमको हत्या उनका छिमेकीबाट भएको खुलेको छ । बालिकालाई बलात्कारपछि हत्या गरिएको सो घटना प्रहरीको गहिरो अनुसन्धानपछि दुई महिनापछि सुल्झिएको हो ।

५९ वर्षीय छिमेकी पदमबहादुर अधिकारीले बालिकालाई जबरजस्तीपछि हत्या गरेको निष्कर्षमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र जिल्ला प्रहरी मोरङको संयुक्त टोली पुगेको हो । उनलाई पक्राउ गरी सार्वजनिकसमेत गरिएको छ ।

असोज २१ गते अंशु नजिकैको स्कुल परिसरमा छिमेकी साथी युरिका महतरासँग खेलिरहेकी थिइन् । दिउँसोको करिब ३ बजे त्यहाँ पुगेका पदमबहादुरले युरिकालाई पाँच रुपैयाँ दिएर घर पठाए । त्यसपछि पदमले अंशुलाई घाँस काट्न सघाउन आग्रह गरे । उनले आनाकानी गरिन् । पैसा दिने लोभ देखाए । पदमले अंशुलाई जंगलको छेउमा बोलाएका थिए ।

करिब ४ बजे हँसिया र डोरी लिएर साइकलमा पुगेका पदमले अंशुलाई जंगलभित्र लगे । प्रहरीका अनुसार, सुनसान ठाउँमा घाँस काट्ने बेला पदमले अंशुमाथि जर्बजस्तीको प्रयास गरे । उनले प्रतिकारको कोशिस पनि गरिन् तर सकिनन् । बालिकालाई जर्बजस्ती करणी गरेपछि हातले घाँटी थिचेर हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरीले बताएको छ । मृत्यु भए-नभएको यकिन गर्न हँसियाले बालिकाको घाँटीमा प्रहार गरेकोसमेत पदमले प्रहरीसँग स्वीकारेका छन् । हत्या गरी अंशुको शव त्यहीँ छाडेर पदम सामान्यजस्तै घाँस बोकेर घर फर्किएको प्रहरीले खुलाएको छ ।

यसरी खुल्यो रहस्य

अंशु घर नआएपछि रातिदेखि परिवार र स्थानीय खोजतलासमा जुटे । पदमबहादुर आफैं पनि बालिकाको खोजीमा हिंडे । परिवारलाई सान्त्वना दिने र खोज्ने हिडेकाले उनलाई कसैले शंका गरेनन् । झण्डै तीन सातापछि ७ कात्तिकमा घाँस काट्न गएका व्यक्तिहरुले बेलबारी-चिसाङ साझेदारी वनमा अंशुको शव क्षतविक्षत अवस्थामा देखे । उनको शव र कपडा छुट्टाछुट्टै स्थान भेटिए । त्यसले प्रहरी अनुसन्धानलाई नयाँ मोड दियो । मोबाइल नबोक्ने, प्रत्येक्षदर्शी नभएको र छिमेकी भएका कारण प्रारम्भिक सोधपुछमा पदम शंकाको घेराबाहिरै थिए । प्रहरीले करिब तीन सय व्यक्तिसँग बयान, १६ जनाको पोलीग्राफ परीक्षण, जंगल आवतजावत गर्नेहरूको निगरानी, मोबाइल नेटवर्कको विश्लेषण तथा लेटाङ क्षेत्रमा सामाजिक प्रोफाइल गर्दासमेत अनुसन्धानको क्लू पत्ता लगाउन सकिरहेको थिएन् । न त परिवारले नै कसैलाई शंका गर्न सके ।

१९ कात्तिकमा पदम एकाएक घर छाडेर भारततिर लागेपछि मात्र अनुसन्धानले सूई उनीतर्फ मोडियो । उनका छोरा जबरजस्ती करणी मुद्दामा सजाय पूरा गरी १८ कात्तिकमा फर्किएका थिए । त्यसपछि पदमले छोरालाई मात्र जानकारी दिएर परिवारलाई नबताई भारत हिँडे । मेघालयमा गाई फार्ममा काम गर्न गएको भनिए पनि बिना जानकारी घर छाडेकाले प्रहरीको शंका बलियो बन्दै गयो । प्रहरीले उनलाई आफन्तमार्फत बोलायो । उनी नआएपछि प्रहरी नै मेघालय जाने तयारीमा थियो । तर, पदम मंसिर १८ गते घर फर्किए । भोलिपल्ट पक्राउ गरेर सोधपुछ गर्दासमेत उनले अभियोग स्वीकारेका थिएनन् । तर, गहिरो अनुसन्धानपछि प्रहरीले प्रमाणसहित केरकार गरेपछि भने अन्ततः पदमले अपराध स्वीकारे । साबिती बयानका क्रममा उनले घटनापछि आफूलाई पछुतो लागेकोसमेत बताएका थिए । उनीमाथि बालिकामाथि जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धान भइरहेको मोरङ प्रहरीले जनाएको छ ।

# न्यु मिडियालाई थप व्यवस्थित बनाउन जरुरी : खरेल



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेलले आम सञ्चारमाध्यम र न्यु मिडियालाई थप व्यवस्थित, मर्यादित र जनउत्तरदायी बनाउनुपर्ने आवश्यकता रहेको बताएका छन् ।

आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा नवनियुक्त प्रेस काउन्सिल नेपालका अध्यक्ष कुमार शर्मा आचार्यलाई नियुक्ति पत्र प्रदान गरेपछि कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा मन्त्री खरेलले आम सञ्चारमाध्यम र न्यु मिडियालाई थप व्यवस्थित, मर्यादित र जनउत्तरदायी बनाउनुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै सोहीअनुसार अगाडि बढ्न आग्रह गरे ।

उनले समग्र सञ्चार क्षेत्रको सुधारका लागि संविधान र कानुनको परिधिभित्र रहेर काउन्सिलले प्रभावकारी काम गर्नुपर्ने अवस्था रहेको बताए । उनले भ्रष्टाचार नियन्त्रण गर्दै मुलुकमा सुशासन कायम गर्न लागिपरेको पनि बताए ।

उनले घोषित मितिमा स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा बढाउनुपर्ने अवस्थामा जिम्मेवार सरोकारवालाबाटै भ्रामक सूचना र समाचारहरु सम्प्रेषण भइरहेको भन्दै आपत्ति पनि जनाए । साइबर आक्रमण नै सरकारका लागि मुख्य चुनौती रहेको मन्त्री खरेलको भनाइ छ ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष आचार्यले सञ्चारमाध्यमलाई थप व्यवस्थित बनाउँदै मुलुकमा सुशासन कायम गर्ने सवालमा महत्वपूर्ण भुमिका खेल्ने प्रतिबद्धता व्यक्त गरे । उनले सञ्चारमाध्यमलाई जिम्मेवार र जनउत्तरदायी बनाउने आफ्नो महत्वपूर्ण जिम्मेवारी रहेको पनि बताए । काउन्सिलमा रहँदा अधिकारको प्रयोग नभई कर्तव्य निर्वाह गर्ने समेत उनले बताए ।

# पेस्तोलसहित फरार प्रतिवादी पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २१ मंसिर

जिल्ला अदालत कपिलवस्तुको फैसला कार्यान्वयनका क्रममा फरार रहेकी एक प्रतिवादीलाई प्रहरीले कुटुवा पेस्तोलसहित पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय चन्द्रौटाबाट खटिएको टोलीले शिवराज नगरपालिका-४, चनइ बस्ने २२ वर्षीया रिजिवान अली शाहलाई मंसिर १९ गते पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ ।

प्रहरीका अनुसार शाहलाई सडक छेउमा शंकास्पद रूपमा बसिरहेको अवस्थामा नियन्त्रणमा लिइएको थियो । उनलाई पक्राउ गर्दा साथमा राखेको कुटुवा पेस्तोल बरामद भएको प्रहरीले जनाएको छ ।

शाह कपिलवस्तु जिल्ला अदालतबाट फरार रहेको र सोही आधारमा खोजतलास जारी गरिएको थियो । बरामद हतियारसहित शाहमाथि आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जमिअत उलमाएको अध्यक्षमा पुनः सिद्दीकी


**इसत्याक अहमद/मध्यान्ह**
सप्तरी, २१ मंसिर

बोदेबरसाइन नगरपालिका-५ स्थित मदरसा जामेतुल इस्लामियामा जमिअत उलमाए नेपालको चौथो अधिवेशन सम्पन्न भएको छ । मौलाना मुफ्ती खालिद सिद्दीकीको अध्यक्षतामा भएको उद्घाटनमा प्रमुख अतिथि राजबाबु र नगरप्रमुख आतिशकुमार चौधरीलगायतको उपस्थिति थियो ।

राष्ट्रिय गानबाट सुरु भएको कार्यक्रममा वडाध्यक्ष महबुब मिया तथा देशभरका पदाधिकारी, प्रतिनिधि र स्थानीयको सहभागिता रहेको थियो । अधिवेशनमा आगामी योजना, संगठन सुदृढीकरण, सामाजिक तथा धार्मिक मुद्दामा विस्तृत छलफल गरिएको आयोजकले बताएको छ । कार्यक्रमको सम्बोधनका क्रममा राजबाबुले एकताबाट संगठनले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र उत्पीडित समुदायको चेतना अभिवृद्धिमा योगदान पुऱ्याउने उल्लेख गरे । उपाध्यक्ष मौलाना असगर अली मदनीले संगठन मजबुत बनाउने आवश्यकता औंल्याए ।

वक्ता मौलाना कारी हनिफ नदवीले मदरसा संघको गतिविधि अघि बढिरहेको जानकारी दिँदै सामाजिक सञ्जालमा मुस्लिम समुदायमाथि फैलाइने गलत प्रचारप्रति सतर्क रहन आग्रह गरे । अन्य वक्ताहरूले दाइजो प्रथा, शिक्षा, युवाहरूमा बढ्दो विद्युतीय दुरुपयोग तथा महिला हिंसाजस्ता विषयमा संयुक्त अभियान चलाउनुपर्नेमा जोड दिए । अध्यक्ष सिद्दीकीले २०६४ मा स्थापना भएको संस्थाले १७ वर्ष पूरा गरेको उल्लेख गर्दै संविधान तथा कानुनको दायराभित्र रहेर सबै समुदायका लागि काम गर्ने प्रतिबद्धता दोहोऱ्याए । मुस्लिम समुदायलाई रोहिंग्या वा बंगलादेशी भन्दै भ्रम फैलाउने प्रयासप्रति उनले चेतावनी पनि दिए । बन्द सत्रले पुरानो समिति विघटन गरी सर्वसम्मत रूपमा मौलाना मोहम्मद खालिद सिद्दीकीलाई अध्यक्ष र अब्दुल जब्बारलाई कोषाध्यक्ष चयन गरेको छ । नयाँ अध्यक्षको नेतृत्वमा केन्द्रीय सदस्यहरू मनोनयन गर्ने सहमति भएको छ ।

## व्यवसायी जोशीलाई मातृशोक



**काठमाडौं/मस–** पुराना वैदेशिक रोजगार व्यवसायी कुलदेव (केडी) जोशीलाई मातृशोक परेको छ । सितापाइलास्थित एड्भेन्चर ह्युमन रिसोर्स प्रालिका सञ्चालक जोशीकी आमा कोपिला कुमारी जोशीको मंसिर १५ गते सोमबार साँझ ८६ वर्षको उमेरमा निधन भएको हो ।

काठमाडौंको बाफल सोल्टीमोडस्थित आफ्नै निवासमा जोशीको निधन भएको पारिवारिक स्रोतले जनाएको छ । स्व.जोशीका दुई छोरा रहेका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/०६/११ मा दर्ता भएको **प्रा. लि. नं. १४०५०२** को श्री **इनोभ फास्टफुड एण्ड क्याफे प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (२) को खण्ड (च) बमोजिम स्वेच्छिक खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कुबेतमा रोजगार**
कम्पनी : WARBA CARPENTRY FACTORY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/२१ — चलानी नं.: ६०२४८५५७ — L.T. No.: 334930

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ७०,२२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Finishing Carpenter | 50 | 0 | | 120 | ५६,१७६ | | | | | | | |
| 3. | Indoor Helper | 28 | 0 | | 90 | ४२,१३२ | | | | | | | |
| 4. | Light Drivers | 20 | 0 | | 135 | ६३,१९८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 98010447 9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

**मलेसियामा रोजगार**
कम्पनीः DARUL MAKMUR SECURITY FORCESDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०८/२१ — चलानी नं.: ६०२४८५५६ — LT. No.: 334860

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1700 | ५९,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः MEGAWORLD SECURITY SERVICES SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०८/२१ — चलानी नं.: ६०२४८५५५ — LT. No.: 334859

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 21 | 0 | स. काममा दक्ष | 1700 | ५९,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः INDEPENDENT GUARDING SERVICES SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०८/२१ — चलानी नं.: ६०२४८५५४ — LT. No.: 334858

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1700 | ५९,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता शाखा मेनपावर कार्यालय चितवनमा २०८२ पुस १ गते (16 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKY OF THE WORLD MANPOWER PVT. LTD.** श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 985-1035867, 985-1068774, 980-7014136, 984-8888988, 980-8943369, For Chitwan : Bharatpur-10, Hakim chock, contact no. 9767466435
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com.np, Web.www.skymanpower.com

**कुवेतमा रोजगार**
कम्पनीः NOMAD ENTERTAINMENT COMPANY FOR ESTABLISHING AND MANAGING PARKS, RECREATIONAL AND SCIENTIFIC CITIES. — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/२१ — चलानी नं.: ६०२४८५२१ — LT. No.: 334838

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ticket Collector | 12 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ५१,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician Helper | 4 | 0 | | 110 | ५१,४९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUPREME OVERSEAS PVT. LTD.** Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202, 986-0133262.
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

**UAE मा रोजगार**
कम्पनीः WE ONE — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/०८ — चलानी नं.: ६०२४१५०४ — LT. No.: 327720 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Drivers | 181 | 0 | स. काममा दक्ष | 1950 | ७६,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १ गते (16 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHR Support Human Resources Pvt. Ltd.** (Foreign Employment Services, Nepal) श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ४१११९२६, Mobile No: 9707089500, 9802070424, 9805511276, 9802370906

**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२५/२२६)

**धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १ | **१) ऋणी फर्मः अपौन डिपार्टमेन्ट स्टोर,** प्रोप्राईटर तथा जमानीकर्ताः अनिता कुमारी चौधरी<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ९३१०/१६०, दर्ता मिति २०७७/०६/०२, ठेगानाः जिल्ला रौतहट, च.पुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) | |
| | **२) ऋणी फर्मः गणेश पोल्ट्री फार्म,** प्रोप्राईटर तथा जमानीकर्ताः अशोक कुमार साह<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.नं. ६०६५/६०९/१४ दुर्गा भगवती, दर्ता मिति २०७५/०२/१३, ठेगानाः जिल्ला रौतहट, गंगापिप्रा गा.वि.स. वडा नं. ६ (हाल दुर्गा भगवती गा.पा. वडा नं. १) | |
| | **३) ऋणी फर्मः श्री गणेश दाना पसल,** प्रोप्राईटर तथा जमानीकर्ताः अशोक कुमार साह<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ४८३३/३३२, दर्ता मिति २०७३/०७/०९, ठेगानाः जिल्ला रौतहट, गंगापिप्रा गा.वि.स. वडा नं. ६ | |
| | **धितोको विवरण** | |
| | १) नारायण साह कलवारको नाती, योगी साह कलवारको छोरा, रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अशोक कुमार साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गंगापिप्रा गा.वि.स. वडा नं. ६ (हाल दुर्गा भगवती गा.पा. वडा नं. १) स्थित कित्ता नं. ११८५, ११८७ र १४१२ को क्षेत्रफल क्रमशः ०-०-१६, ०-१-२½ र ०-४-८-२ (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) हरदेव चौधरीकी छोरी, योगी साह कलवारकी बुहारी, अशोक कुमार साहकी पत्नी, सर्लाही जिल्ला, खैर्वा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अनिता कुमारी चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ६८८९, ६८८५, २४५४, २३७२ र २४५३ को क्षेत्रफल क्रमशः ०-०-०-१४, ०-०-८-६, ०-०-५-०, ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>३) अपौन डिपार्टमेन्ट स्टोर, गणेश पोल्ट्री फार्म र श्री गणेश दाना पसल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि GoogleMap |
| | **४) ऋणी फर्मः श्री अशोका एग्रिकल्चर प्रा.लि.,** संचालक तथा जमानीकर्ताः अशोक कुमार साह<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २७२४८९/०७८/०७९, दर्ता मिति २०७८/०६/०४, ठेगानाः जिल्ला रौतहट, दुर्गा भगवती गा.पा. वडा नं. १ | |
| | **धितोको विवरण** | |
| | १) हरदेव चौधरीकी छोरी, योगी चोधरीकी बुहारी, अशोक कुमार साहकी पत्नी, सर्लाही जिल्ला, खैर्वा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बस्ने अनिता कुमारी चौधरीको नाममा मालपोत कार्यालय वरहथवा, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, सुन्दरपुर चोहर्वा गा.वि.स. वडा नं. ८ (हाल वरहथवा न.पा. वडा नं. १३) स्थित कित्ता नं. ६००, ३९० र ११५ को क्षेत्रफल क्रमशः १-२-१२-०, २-५-१० र १-१-०-० (विगाहा) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) श्री अशोका एग्रिकल्चर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | बिक्रीमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि GoogleMap |
| | **जमानीकर्ताहरुको विवरण** | |
| | **१) अनिता कुमारी चौधरी २) अशोक कुमार साह** | |

नोटः ऋणी तथा जमानीकर्ता/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ता/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्

पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सुचनाः
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
२२ मंसिर २०८२ सोमबार
8 December 2025 Monday

## सम्पादकीय

# संगठित गिरोहलाई कानुनी दायरामा ल्याऊ

अमेरिका जाने सपनाले धेरै नेपाली युवालाई पछिल्लो समय गलत बाटोतिर धकेलिरहेको छ । दाङका एक युवक ९० लाख रूपैयाँ दलाललाई बुझाएर तल्लो बाटो भनिने अवैध मार्गबाट अमेरिका पुगे । तर केही दिनमै पक्राउ परे र नेपाल फर्काइए । नौ महिना जोखिमपूर्ण यात्रामा भोगेको कष्ट, खर्चिएको करोड नाघेको ऋण र परिवारको अपेक्षाको सबै एकै झट्कामा सकियो । उनी मात्र होइन, डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा दोहोरिएपछि लिएको कडा अध्यागमन नीतिले बितेको १० महिनामा ३ सय ५१ नेपाली डिपोर्ट भइसकेका छन् । अवैध मार्ग रोज्नेहरूको दुःख प्रायः उस्तै छ । नातागोता वा चिनेजानेकै माध्यमबाट संगठित गिरोहले उनीहरूलाई पूर्ण आश्वस्त पारेको हुन्छ । फर्की नै हाल्नुपर्ने स्थितिमा पनि आधा रकम फिर्ता हुने भनिएको हुन्छ । त्यही आशाले डिपोर्ट भई फर्केपछि पनि अधिकांश युवा कानुनी कारबाहीको बाटो लिँदैनन् ।

पछिल्ला ६ वर्षमा डिपोर्ट भएका ५ सय ७८ युवामध्ये ७५ जनाले मात्र उजुरी दर्ता गर्नुको कारण त्यही हो । अर्को कारण, धेरैजसो दलाल आफन्त नै हुन्छन् । सामाजिक दबाब, सम्बन्धको डर र पैसा फिर्ता हुने आशाले पीडित मौन बस्न बाध्य देखिन्छन् । यही मौनता नै दलाल र संगठित गिरोह कानुनी दायरामा ल्याउन बाधा पुऱ्याइरहेको छ ।

वास्तवमा तल्लो बाटो कुनै साहसिक यात्रा होइन । बरू यो ज्यानै जोखिममा पार्ने निराशाको मार्ग हो । महिनौं पैदल यात्रा, सीमा प्रहरीको जोखिम, मानव बेचबिखनको खतरा, जंगल–मरूभूमि पार गर्दै अमेरिका छिर्दा पनि कुनै ग्यारेन्टी हुँदैन । कागजविहीन भेटिनेबित्तिकै डिपोर्ट गर्ने अमेरिकी नीति अहिले झन् कडा पारिएको छ । त्यसैले अवैध ढंगले अमेरिका वा अरू कुनै पनि देश जाने निर्णय सदैव गलत हो । अमेरिका नै जान पनि वैधानिक बाटो छन् । विद्यार्थी भिसा, वर्क–पर्मिट, डिभीलगायत बाटो छन् । वैधानिक प्रक्रिया र कागजात पूरा भए कोही पनि डिपोर्ट हुनुपर्दैन ।

अहिले डिपोर्ट भएका युवाहरूको सपना तत्कालका लागि भताभुंग भएको छ । अब उनीहरूले संगठित गिरोहको सञ्जाल तोड्न प्रहरीलाई सघाउनुपर्छ । त्यसका लागि दलालविरूद्ध उजुरी दिनुपर्छ । गहिरो अनुसन्धानपछि दोषी कारबाहीको दायरामा आउँदा मात्र युवा सुरक्षित हुन्छन् । सपना सबैको अधिकार हो । तर सपना पूरा गर्ने बाटो कानुनी, सुरक्षित र श्रमको सम्मान गर्ने हुनुपर्छ । अवैध बाटो पछ्याएर होइन, वैधानिक बाटो रोजेर मात्र भविष्य उज्यालो हुन्छ ।

# पर्यटन र अर्थतन्त्र

*नेपाललाई प्रकृतिले नै घुम्न आउने देशका रूपमा रचना गरिदिएको छ । तर त्यो वास्तविकतालाई हामीले आत्मसात् गर्न सकेका छैनौं । जसबाट हामीले लाभ लिन सकिरहेका छैनौं ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

लामो समयदेखि हाम्रो वैदेशिक लगानी सुस्ताए पनि पर्यटन क्षेत्र भने उदाएकै देखिन्छ । यही भाद्रको जेनजी आन्दोलनपछि पनि पर्यटकहरूको आगमन बढेकैले हाम्रो पर्यटन क्षेत्रका आशा ताजा नै छन् भन्नुपर्छ । यद्यपि आन्दोलनमा ठुला होटल पनि परे र ऐतिहासिक सिंहदरबार पनि जल्न पुग्यो । धेरै पर्यटक आउने काठमाडौं एयरपोर्टबाटै हो । यसको पुरानो नाम गौचर मैदान हो, जहाँ गाई-वस्तुहरू चराउँथ्यौं हामी । अहिलेको नेतृत्व काठमाडौं पसिसकेको थिएन । सन् १९४९ मा यो हवाइ मैदानमा परिणत भयो ।

लोकतन्त्रको आगमनसँगै कहिले यो सुन तस्करीको केन्द्र बन्यो र धेरै वर्षअघिदेखि यो विप्रेषणको स्रोत-मान्छे निर्यात गर्ने केन्द्र बनेको छ । भुटानी शरणार्थी भन्दै मानव तस्करमा पनि प्रयोग भएको भनिन्छ यसलाई । घरगोठ खाली गराएर दैनिक हजारौं युवा निर्यात गर्ने स्थल त बनेकै हो । भैरहवा विमानस्थल र नयाँ बनेको पोखरा विमानस्थलले पनि खासै काम नपाएको र लोकतान्त्रिक भ्युटावरले पनि देशमा रोजगारी सिर्जना गर्न सकेका छैनन्, बरु तेल-भिसालगायतमा वृद्ध-वृद्धासमेत विदेश सयर गर्ने विमानस्थल तय भएका छन् हाम्रा ।




औद्योगिक विकासमा छिमेकी चीन र भारत अग्रपंक्तिमा रहेका छन्, हामी विप्रेषणको विकासमा पाइला चाल्दै छौं । विश्व अर्थतन्त्र खस्किएको छ, नजिकको भारत उक्सिएको छ यसमा, त्यसको प्रभावले हामीले समुन्नत नेपाल तय गर्न सकेका छैनौं । चालु सन् २०२५ बिदा हुनै लाग्दा ११ महिनामा १० लाख ६० हजार पर्यटक यहाँ आएका छन् । त्यसो त मुख्य सिजन अहिले नै हो- आउने, रमणीय क्षेत्र हेर्ने, वर्षा नहुने तर प्रदूषणको मार खेप्नुपर्ने अवस्था छ । गत सेप्टेम्बर एक महिनामै ७८ हजार बढीको आगमन, अगस्टमा ८८ हजारको संख्या देखिनु, नोबेम्बरमा त एकै महिनामा १ लाख १६ हजार पर्यटकको आगमनले हामीलाई बढी हौस्याएको छ ।

यतिबेला नै विश्व अर्थतन्त्रमा ह्रास आएको संयुक्त राष्ट्रसंघको विकास सम्मेलनले जनाएको छ आफ्नै प्रतिवेदनमा । यो वर्षका लागि आर्थिक वृद्धि दर २ दशमलव ६ प्रतिशत र अर्को वर्ष पनि यही रेसियोमा रहने बताइएको छ, जुन गत वर्षको भन्दा शून्य दशकलव ३ प्रतिशतले कम हो । विश्व अर्थतन्त्रको यो खस्किएको आँकडा प्रस्तुत गर्दा भारतमा यसको वृद्धि दर अधिक छ । रसियाका राष्ट्रपति पुटिनले यसै हप्ता भारतको भ्रमण गर्दै रहेका र भारतले इन्धन रसियाबाटै खरिद गरिरहँदा अमेरिका स्तब्ध भई भारतमाथिको वस्तु आयातमा ५० प्रतिशत भन्सार दर वृद्धि गर्दा भारतले त्यसबाट पर्ने नकारात्मक असर घटाउने सफल रणनीति तय गरेको छ, छुट्टै बजेटरी फन्डको विकास गरेर । मोदी-पुटिनको अहिलेको अर्थपूर्ण भ्रमणले अमेरिकाले लिने रणनीतिबाट हामी र अन्य विकासोन्मुख देशहरूलाई थप असर पर्न सक्नेछ । हाम्रा पर्यटक धेरै भारतीय नै हुन्, भारत-चीन हाम्रो अभिन्न मित्र दुवैतर्फका पर्यटकहरूको आगमनले हाम्रो समृद्धिको यात्रामा थप बल पुग्नेछ ।

आइकाओ भन्छ- नेपालको हवाइ यात्रा सुरक्षित हुनुपर्छ । १० वर्ष बढी भयो आइकाओले समय दिएको, अल्टिमेटम नै थियो । सन् २०१३ देखि नै उसले भनेको हो- हवाइ उडानको विश्वव्यापी मान्यता, मापदण्ड र तिनको सुरक्षा । ईयुले त युरोप उडान निषेध नै गरेको छ, कालोसूचीबाट हटेको छैन । हाम्रो सुरक्षा चासो कम रह्यो- उडानमा अनियमितता, सुरक्षा प्रणाली भरपर्दो नभएको । यसमा निजी कम्पनी पनि दोषी रहे, नियमन गर्ने निकाय-हवाई उड्डयन प्राधिकरण नै गम्भीर बनेन । पहिले यो हवाइ विभागको नाममा थियो, अब स्वतन्त्र भनिएको प्राधिकरण बनेको पनि दसकौं भइसक्यो तर नियमन गतिलो रहेन । मूल नेतृत्व त आफैं हेलिकोप्टर लिएर सुरक्षाकर्मीतिर लोगेको छ, उडानसम्बन्धी कमजोर नीति र उडानको योग्यतामै प्रश्न खडा भइरहेको छ । कालोसूचीबाट हट्ला भन्ने अनुमान थियो तर हटेन ।

सानो देश सिंगापुरको अन्तर्राष्ट्रिय चाँगी विमानस्थल र यहाँका गगनचुम्बी महलले विश्वकै मन खिचेको छ । बैंकक त्यस्तै छ- एसियाको ढोका भनिन्थ्यो पहिले, अहिले संसारकै बनेको र त्यहाँको विमानस्थलको नाम नै स्वर्णभूमि छ भनौं, त्यसले सुन फलाउँछ । होटलहरू रामागार्डेन वैदिक नामले रहेका छन् कति धेरै । हामी भएको विश्वकै एक मात्र वैदिक भूमिको नाम लोकतन्त्रले रद्द गरेको । यहाँ आउने पर्यटक शान्तिको सास फेर्न आउने हुन्, विकासको चरमचुलीबाट अध्यात्मको खोजी गर्न आउने हुन् । यहाँको धर्म, संस्कृति, रहनसहन, जात्रा-मात्रा, माटो, कन्दरा, छहरा भनौं आमप्रकृति हेर्न आउने हुन्, जुन अन्यत्र पाइँदैन । तर आफ्ना मौलिक शान्तिका पथप्रदर्शक बुद्धलाई नै हामीले राम्ररी स्थापित गर्न सकेका छैनौं ।

उता छिमेकी हङकङ सहर र न्युयोर्कको म्यानह्याटनभन्दा कम छैन सिंगापुर । इजरायल अहिले आक्रमणमा परे पनि कृषिमा कति अब्बल छ । अमेरिकामा चारै साँझ

> *यहाँ आउने पर्यटकहरू शान्तिको सास फेर्न आउने हुन्, विकासको चरमचुलीबाट अध्यात्मको खोजी गर्न आउने हुन् । तर आफ्ना मौलिक शान्तिका पथप्रदर्शक बुद्धलाई नै हामीले राम्ररी स्थापित गर्न सकेका छैनौं ।*

विमान उडिरहन्छन् । तर कीर्तिमानी आरोही अक्सिजनबिना नै १० पटकसम्म सगरमाथा आरोहण गर्ने सोलुका हिममानव आङरिता शेर्पालगायत पर्यटनमन्त्रीकै हवाई दुर्घटनाबाट मृत्यु हुने देश हो हाम्रो । हवाई दुर्घटना सबै बताउँदा आङ जिरिंग हुन्छ यहाँ । यति भनौं महाभूकम्पभन्दा कम छैन यो ।

प्राकृतिक र मानव-निर्मित घटना बढेका छन्, यसमा नेतृत्वको चासो नै गएन । सत्ता टिकाउ, आफू बिकाउ भइरहँदा ३५ वर्षमा ३० प्रधानमन्त्री इतिहास रच्ने र हरेक दिन नौला कुरा देखाउने लोकतन्त्रले सबैलाई लज्जित बनायो । अहिलेको नेतृत्वलाई नितान्त नयाँ भनिए पनि यससँग दीर्घकालीन निर्णय लिने अधिकार छैन भनिँदै छ । केवल चुनाव मात्रै गर्ने हो भने भाद्रको आन्दोलनको के अर्थ छ त ? नेपाललाई प्रकृतिले नै घुम्न आउने देशको रूपमा रचना गरिदिएको छ । तर त्यो वास्तविकतालाई हामीले आत्मसात् गर्न सकेका छैनौं । जसबाट हामीले लाभ लिन सकिरहेका छैनौं ।

## इतिहासमा आज

८ डिसेम्बर १९८७ मा अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र सोभियत नेता मिखाइल गोर्बाचेभले ह्वाइट हाउसमा मध्यवर्ती-दूरी आणविक बल सन्धिमा हस्ताक्षर गरेका थिए ।



८ डिसेम्बर २००४ मा पेरुको कुस्कोमा कुस्को घोषणापत्रमा हस्ताक्षर गरियो, जसले दक्षिण अमेरिकी राष्ट्र समुदायको स्थापना गऱ्यो ।



८ डिसेम्बर २०१० मा फाल्कन ९ को दोस्रो प्रक्षेपण र ड्र्यागनको पहिलो प्रक्षेपणसँगै, स्पेसएक्स अन्तरिक्षयान सफलतापूर्वक प्रक्षेपण गर्ने, कक्षामा लैजाने र पुनः प्राप्ति गर्ने पहिलो निजी कम्पनी बन्यो ।



८ डिसेम्बर २०१३ मा लिटिल इन्डियामा भएको घातक दुर्घटनापछि सिंगापुरमा दंगा फैलियो ।



## सामाजिक सञ्जाल




**डम्बर खतिवडा**

देशले ओली-देउवा गिरोहको भ्रष्टाचार, कुशासन र अल्प विकासबाट मुक्ति खोजेको थियो । कांग्रेस-एमाले यिनैका गुट पुनर्स्थापित गर्ने छलछाम र षडयन्त्रतिर लागे । यो अन्तर्विरोधले आगामी राजनीति अझ भीषण, भयानक बन्ने निश्चित छ । लुटतन्त्र र नागरिकतन्त्रबीचको संघर्ष सबैका लागि थप कष्टकर हुनेछ ।

औचित्य र आवश्यकताभन्दा बाहिरको देखावटी बजेट खर्च, स्थानीयस्तरमा गर्नुपर्ने जनकल्याणमूखी काम नदेखेर हो कि नचाहेर नसकेर हो मन बुझ्न गाह्रो छ । बजेट खर्च गर्ने ठाउँ नपाएर हो कि बजेट धेरै भएर हो अथवा कमिसन आउने प्वाल खोजेको हो नचाहिएका फाल्तु कुरा धेरै जो देखियो ।



**प्रेमकान्त अधिकारी**



**केशव दाहाल**

चुनावको चर्चा चल्यो कि नेताको व्यापार सुरु हुन्छ । पुराना त त्यस्तै उस्तै भए, सुनिँदै छ- नयाँहरूले पनि समानुपातिकको टिकट बिक्रीमा राखेका छन् । भनिदिनुहोस् महोदय, के तपाईंको लाइन पनि दलको व्यापारीकरण र व्यापारको दलीयकरण नै हो ?

न मतदाताप्रति उत्तरदायी हुनुपर्ने न देशप्रति । अनमोल नागरिकहरूको रगतको अभिषेक लिएर, देश जलाएर थुपारिएको खरानीको टीका लगाएर सत्ताको वरमाला पहिराइएकाहरूले के आधारमा फ्लाइ ओभर बनाउन अरबौं ऋण लिएको ? यसको पब्लिक अडिट के हो ? यही गर्न हो यो देशलाई विध्वंसको खेलमैदान बनाएको ?



**यादव देवकोटा**

# राजनीति फोहोर बजार होइन

विचार



● डा. युवराज संग्रौला

> *के राजनीति अतृप्त आत्माहरूको भिड हो ? नेपालमा आज यही अवस्था देखिन्छ । किन राजनीति आज यस्तो अभिशप्त भयो ? पश्चिमी उदारवाद त्यसै पनि नासिँदै थियो, स्वयं पश्चिममा । तर दक्षिण एसियामा त त्यसको चिरहरण नै भयो । किन ?*

जताततै एकताको कुरा, एउटै चिन्हमा तीन/चार पार्टीले चुनाव लड्ने कुराले सामाजिक सञ्जाल तरंगित छ । गजब छ । तर सबै कुराको सार एउटै छ- त्यो हो 'बस मानिस, झन्डा, नेता हुने अभिनेता र चिह्न भए पुग्छ ।' विचार र विचारलाई लागू गर्ने योजना कतै चाहिँदैन । के राजनीति अतृप्त आत्माहरूको भिड हो ? नेपालमा आज यही अवस्था देखिन्छ । किन राजनीति आज यस्तो अभिशप्त भयो ? पश्चिमी उदारवाद त्यसै पनि नासिँदै थियो, स्वयं पश्चिममा । तर दक्षिण एसियामा त त्यसको चिरहरण नै भयो । किन ?

पंक्तिकारले २०७२ मा संविधान बन्दै गर्दा, त्यस क्रममा, दर्जनौं अन्तर्वार्ता र लेखबाट उठाएको कुरा हो- बेलायतबाट भारत र भारतबाट नेपालले अनुदानमा पाएको वर्तमान संसदीय व्यवस्था 'दलतन्त्र' हो, जहाँ अल्पमतले बहुमतमाथि शासन गर्छ र यो कुलीनहरूको सुरक्षित घरमा गरिबले बुझेर वा नबुझी वा थोरै रकममा दुईमध्ये एक कुलीन छानेर आफूलाई भरिया बनाइ रहने कागजमा पाँच वर्षका लागि छाप लगाउँछ । आज छिचिमिराजस्ता 'हावामा उडेका मानिस' यही लोकतन्त्र नामको यही मायावी दलतन्त्रमा एकता गर्दै छन् र फुट्दै पनि छन् । यो भ्रमले हरेकलाई ग्रस्त बनाएको छ ।

युरोपमा धार्मिक कट्टरवाद र निरंकुश राजतन्त्रका विरुद्ध 'नागरिक स्वतन्त्रता'का पक्षधर कुलीनहरूले उदारवादको दर्शन अगाडि सार्दा, दलहरूको परिकल्पना गरे र उस्तै सोच भएका एउटा दलमा संगठित भए । एउटा सामाजिक सम्झौता गरे- त्यो हो बहुमत प्राप्त गर्नेले सरकार चलाउने र अल्पमतले विपक्षका रूपमा विरोधी बेञ्चमा बस्ने । यो उनीहरूको उदारवादको न्यूनतम मापदण्ड थियो । तर बेलायती उपनिवेशले ल्याइदिएको भारतको लोकतन्त्रमा ८९ प्रतिशत भोट अरूमा बाँडिएर ११ प्रतिशत अल्पमत ल्याउने बहुमत त बन्यो नै, त्यसमा पनि नेपाल आइपुग्दा त दुई ठुला दलले नै गठबन्धन बनाए । यो दलतन्त्र आज देशको लोकतन्त्र बनेको छ । यसले हिजो गरेको भ्रष्टाचार र पदको दोहन गरेर लुटेको मोजका लागि 'आज अनेक छिचिमिरा' कम्युनिस्टका नाममा, जातका नाममा, राजाका नाममा, भूगोलका नाममा मात्र होइन, संसदका सिटमा पुग्न मात्र पनि एकता गर्दै छन् । यो अवस्था भनेको 'नागरिकको राज्यमा स्वामित्वको अन्त्य र लोकतन्त्रका नाममा निरंकुशतन्त्रको उदयको ब्याड हो ।'

यो अशिष्ट राजनीति अराजकता हो र 'राजनीति नागरिकको सुख र समृद्धिको संयन्त्र हो' भन्ने मान्यताको पतन हो । यो राजनीतिमा दर्शन, विचार र कार्यक्रम हुन्छ भन्ने बोध र चेतनाको पतन हो । यो राज्यमा नागरिक मालिक हो र जनतै देश हो भन्ने राजनीतिक मान्यताको पतन हो । यो 'राजनीति कुसंस्कार र अनैतिकताको भण्डार हो' भन्ने मान्यताको संस्थापन हो । र, अहिले भइरहेका विचारहीन एकता यिनै विकृतिका परिचायक हुन् ।

आजको विषम राजनीतिक अराजकता, जेनजी आन्दोलनपछि देखिएको सामाजिक र राजनीतिक भाँडभैलो र आर्थिक विसर्जनको अवस्थामा 'विकृत संसदीय खेल' होइन, चाहिएको सोच र गन्तव्य त (क) देशभक्त नागरिकहरू र समाजको आमूल रूपान्तरणका पक्षधरहरूको एकताबाट सामाजिक समता निर्माण र देशको भू-राजनीतिलाई जो-सुकैको प्रभुत्वबाट जोगाउनु हो, (ख) त्यो एकताबाटै देशको समतावादी समृद्धिको व्यापक अभियान सुरु गर्नु हो । त्यसर्थ आज राजनीतिका फोहोर बजारमा देखिएका स्थापित मालिक र कथित विकल्पलाई एउटा बिम्बबाट हेर्दा देखिने रूप हेरौं- केही पहिला देखि शिकार गर्दै मोटाएका शिकारीहरू फोहोर दलदलमा खसे र गन्हाउँदै सडकमा घरतिर हिँडे । उनीहरूलाई गिज्याउँदै राम्रा सुट र टाइ लगाएका अर्को थरी शिकारी पनि त्यही बाटोमा हिँडे । उनीहरू कोही गन्हाउँदै र कोही बास्ना छर्दै हिँडिरहेका छन् । उनीहरूको गन्तव्य एउटै हो- सत्ताको सफलता र मोज । नागरिकले खोजेको त 'दिशान्तर' हो, जहाँ प्रत्येक मानिसले आफ्नो स्वतन्त्रता, सहभागिता र शासकको उत्तरदायित्वको माहौलमा आफूलाई देशको मालिक महसुस गरोस् ।

आज नेपाल हिलो लागेका मानिस र आयातित लुगा लगाउनेको राम्रो भन्ने प्रतिस्पर्धाको राजनीतिमा निर्वाचन आयोगमा नाम लेखाउने खेलको तमासा बनेको छ । नागरिकले खोजेको उसको सर्वोच्चता वा नागरिक सर्वोच्चता हो । उसले खोजेको एकता हो परिवर्तनका लागि । उसले खोजेको देशको सुरक्षा हो, कुनै झुठो नाम होइन । विचारले नामको प्रतिनिधित्व गर्छ, नामले विचारको होइन ।

### सुनापति डाँडामा ३५ फिट अग्लो शिवमूर्ति उद्घाटन

# धार्मिक पर्यटन प्रवर्धनमा सहयोग पुग्ने अपेक्षा

**लेखनाथ सिकारु/मध्यान्ह**
रामेछाप, २१ मंसिर

रामेछापको सुनापति गाउँपालिका वडा नं. ३, ४ र ५ को संगम स्थल सुनापति डाँडामा निर्माण गरिएको ३५ फिट अग्लो शिवमूर्तिको उद्घाटन गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन सचिव मुकुन्दप्रसाद निरौलाले मूर्ति उद्घाटन गरेका हुन् । धार्मिक आस्था, सांस्कृतिक पहिचान र स्थानीय पर्यटन विकासलाई लक्ष्य राखेर स्थापना गरिएको यस मूर्ति उद्घाटन कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका उच्च पदस्थ व्यक्तिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै सचिव निरौलाले आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढाउन पूर्वाधार र प्रचार-प्रसारमा जोड दिनुपर्ने बताए । उनले सुनापतिमा रहेका पर्यटकीय गन्तव्यको पहिचान गरी प्राथमिकता निर्धारण गर्न समेत सुझाव दिए । मन्त्रालयमा सीमित स्रोत भएपनि प्राथमिकताका आधारमा पालिकाको पर्यटन प्रवर्धनमा सहयोग गर्ने वचन दिँदै उनले अधुरा पूर्वाधार निर्माणका लागि बजेट थपका लागि पहल गर्ने स्पष्ट पारे ।

सचिव निरौलाले तीनै तहको सरकार मिलेर काम गर्नु आवश्यक भएको भन्दै सुनापतिलाई पर्यटनको केन्द्र बनाउनेमा



जनप्रतिनिधिलाई सुझाव दिए ।

सुनापति गाउँपालिकाका अध्यक्ष सानुकान्छा तामाङले पालिकामा रहेका पर्यटकीय सम्भावनासँग सम्बन्धित धेरै योजना अपूरा रहेको बताए । अध्यक्ष तामाङले अपूरा योजना सम्पन्न गर्न केन्द्र र प्रदेश सरकारसँग बारम्बार अनुरोध गरे पनि सुनुवाइ नभएको गुनासो गरे ।

अध्यक्ष तामाङले पालिकामा उत्पादित वस्तु गुणस्तरीय सडकको अभावका कारण समयमा बजारसम्म पुऱ्याउन नसक्दा वस्तु कुहिने अवस्था आएको बताए । उनले पर्यटन प्रवर्धनमा सहयोग गर्न पर्यटन सचिवमार्फत स्थानीय जनप्रतिनिधिका कुरा पनि सुन्न आग्रह गरे ।

नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत सूर्य थपलियाले पालिकालाई पर्यटनसँग जोड्न आग्रह गरे । पर्यटकको बसाइँ लम्ब्याउन भौतिक पूर्वाधारमा ध्यान दिनुपर्नेमा जोड दिँदै वरिष्ठ अधिकृत थपलियाले पर्यटन प्रवर्धनमा बोर्डले स्थानीय निकायसँग सहकार्य गर्दै अघि बढ्ने पनि स्पष्ट पारे । डेनमार्कका लागि नेपालका अवैतानिक राजदूत हरि धरेलले पालिकाका पर्यटकीय क्षेत्रमा प्लाष्टिक निषेध गर्न सुझाव दिए । उनले परम्परागत शैलीलाई प्रोत्साहन गर्नुपर्नेमा पनि जोड दिए ।

स्थानीय कार्यसमिति सदस्य अमिर गुरुङले सुनापति क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्य बन्ने बताए । यस क्षेत्रमा रहेका लहरे माने, शिवको मूर्ति र निर्माणाधीन मच्छिन्द्र नाथ मन्दिरले पर्यटकको आकर्षण बढाउने बताए । गुरुङले शिवमूर्ति धार्मिक सहिष्णुता र सांस्कृतिक समृद्धिको प्रतीक भएको बताए । पर्यटन व्यवसायी तथा अल्टिच्युड एयरका सञ्चालक राम सापकोटाले सुनापति क्षेत्रमा ट्रेकिङ ट्रायल सञ्चालन हुने बताए । सापकोटाले पर्यटकको लागि स्तरीय होटल निर्माण गराउन पनि आग्रह गरे ।

कार्यक्रममा नेपाल सरकारका सह-सचिव रुद्रसिंह तामाङ र असमान तामाङ, नेपाल ट्राभल तथा टुर सोसाइटीका अध्यक्ष मानबहादुर शाही, ऋइब्एका अध्यक्ष देवी प्रसाद पन्त, भिटोफ कार्यसमिति सदस्य डेभिड चौधरी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सुनापति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार श्रेष्ठले गरेका थिए । उद्घाटनसँगै सुनापति गाउँपालिका धार्मिक पर्यटन प्रवर्धनको नयाँ आयाममा प्रवेश गरेको स्थानीय सरोकारवालाहरूले बताएका छन् ।

# एम्बुलेन्स प्रयोग गरी गाँजा तस्करी

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ मंसिर

बिरामी ओसारपसारका लागि प्रयोग हुने एम्बुलेन्सबाट प्रतिबन्धित गाँजा तस्करी गरिरहेको अवस्थामा एक चालक पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय सर्लाही हरिवनले नियमित जाँचका क्रममा ठूलो परिमाणको गाँजा फेला पारेपछि यो तस्करीको घटना सार्वजनिक भएको हो । नेपाल रेडक्रस सोसाइटी सर्लाही जिल्लाको रामनगर गाउँपालिका बहुअर्वाको नाममा दर्ता भएको एम्बुलेन्सबाट गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार हरिवन नगरपालिका-५ घुर्कौलीस्थित हिरालाल टोलमा ज. १ च. १५५८ नम्बरको एम्बुलेन्सलाई शंका



लागेपछि रोकेर चेकजाँच गरिएको थियो। एम्बुलेन्सको बिरामी राख्ने कक्षभित्र बोरामा लुकाइएको अवस्थामा ५१ किलो ५ सय ग्राम गाँजा फेला परेको सर्लाही प्रहरीले जानकारी दिएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काका अनुसार एम्बुलेन्स चालक रौतहटको युमनामाई गाउँपालिका-४ सरुअठाका ३७ वर्षीय सुरेन्द्र राय यादवलाई घटनास्थलमै पक्राउ गरिएको हो । पक्राउ परेका यादवलाई प्रहरी हिरासतमा राखी आवश्यक कानुनी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ । प्रहरी उपरीक्षक खड्काले एम्बुलेन्स जस्तो अत्यावश्यक सेवा सवारी साधन प्रयोग गरी लागुऔषध ओसारपसार गर्नु गम्भीर अपराध भएको बताए । पछिल्लो समय रौतहट र सर्लाहीको सीमाक्षेत्र लागुऔषध तस्करीको ट्रान्जिट प्वाइन्टका रूपमा प्रयोग हुँदै आएको देखिन्छ । विशेषगरी भारततर्फ गाँजाका ठूलो खेप तस्करी हुने गरेको प्रारम्भिक अनुसन्धानले देखाएको प्रहरीको भनाइ छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०२/२३ मा दर्ता भएको **प्रा. लि. नं. ११३२४९** को श्री **राईजिङ टेक्निकल कलेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मेगा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
इटिटोल, ललितपुर
सम्पर्क नं. ०१-५४५१६०८, ५४४०५७०

**१६ औँ वार्षिक साधारण सभा सम्बन्धी सूचना**
**प्रकाशित मिति २०८२/०८/२२**

यस संस्थाको २०८२ मंसिर १५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम निम्न समय र स्थानमा हुने वार्षिक साधारण सभामा उपस्थितिका लागि सम्पूर्ण सेयर सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम:**
**मिति :** २०८२/०९/२६
**समय :** दिनको १२ बजे
**स्थान :** संस्थाको कार्यालय, इटिटोल, लगनखेल, ललितपुर

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२२**

**ब्लू ग्यालेक्सी ओभरसिज प्रा. लि.** को मिति २०८२/०४/२० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एम्बार्क ग्रुप प्रा. लि. (प्रा.लि नं. १३९२१)** कायम गर्ने गरी मिति २०८२/०५/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०८/१९ गते १२:१५ बजे देखि १३:२० बजेको समयमा का.जि.टोखा न.पा.वडा नं ८ बानियाटार हाईट स्थित घर अगाडी पार्किङ्ग गरि रहको अवस्थामा बा.प्र ०२-०५४ प ०५६९ नम्बरको सुन्ताला र कालो रङ्गको २०० सिसिको Ktm Duke मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले निम्न नंम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**सवारी धनीको नाम: प्रतिभा घले**
**च्यासिस नं:** MD2JPCXG9RN027552
**इन्जिन नं:** R-936*38229*
**सम्पर्क नं: ९८०७५५८८४६**

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

रते कामीको नातिनी, नवले कामीको छोरी, नरपति कामीको श्रीमती, सुर्खेत जिल्ला बिजौरा गा.वि.स. वडा नं ५ भई हाल चौकुने गाउँपालिका वडा नं ५ बस्ने यस बैंकको चौकुने शाखा कार्यालयको खातावाला धनसरा कामीको मिति २०८२/०५/१९ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाँउ भनी मृतकको बुहारी रुपा वि.क.ले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

भबन गिरीको नाति, डम्बर गिरीको छोरा, सिन्धुपाल्चोक जिल्ला, पाचँपोखरी थाङपाल गा.पा. वडा नं. ०७ बस्ने, यस बैंकको मेलम्ची शाखा कार्यालयको खातावाला पदम गिरीको मिति २०८१/१२/२५ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती प्रान्ता वलीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

**Government of SudurPashchim Province**
**Ministry of Social Development**
**Province Health Logistic Management Center**
**Dhangadhi, Kailali Nepal**

**Invitation for Electronic Bid**

**Date of publication: 2082/08/19 (Dec 05,2025)**

1. The Province Health Logistic Management Center Dhangadhi-01, Kailali inviteselectronic bids: under National competitive bidding– Single Stage Two Envelopeprocedures as:

| IFB no:- | Description of Goods: | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| PHLMCSP/G/ NCB-10/082-083 | Procurement Supply & Delivery of Free Essential Medicines for Province. | Nrs.3,25,000/- (Three Lakh Twenty Five Thousand Only) | 2083/01/24 (May 07, 2026) |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMOeGP system www.bolpatra.gov.np/egp.

**Acting Director**

**Jahada Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Morang , Koshi Province, Nepal**

**Invitation For E-Bid**

**First Date of Publication: 22nd of Mangsir, 2082**

1. Jahada Rural Municipality, Office of the Rural Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (Rs.) (With VAT & PS ) | Bid Document Cost NRs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/ NCB/082/83-18 | Sampurna Wada haruma Sadak Batti Bistar | 28,78,807.88 | 3,000.0 | 2:00 PM. on 2082/09/13. | 12:00 PM. on 2082/09/23. | 2:00 PM. on 2082/09/23. | 80,000.00 |

For other details please visit bolpatra.gov.np/egp Contact: 9820730035, 9820730031

**Roshan Kumar Gupta**
**(Chief Administrative Officer)**

**ओमनमा रोजगार**
कम्पनी: AL KHOUDH OASES TRADING — शहर : OMAN,MUSCAT
पूर्व स्वीकृत मिति: २०८२/०८/२१ — चलानी नं.: ६०२४८४९० — LT. No.: 334827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ICE CREAM MAKER | 5 | 0 | स. काममा दक्ष | 150 | ५५,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर शाखा कार्यालय इटहरीमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**K.S.B. INTERNATIONAL PVT. LTD.** Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01- 4584933, Mo. 9866241297.
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net
Itahari Contact No: 025-590813, 9842291471

**मलेसियामा रोजगार**
कम्पनी : NEW SOON TENG POULTRY SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०८/०२ — चलानी नं.: ६०२४८४९४ — LT. No.:334853

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chicken/Goats Farming | 6 | 0 | स. काममा दक्ष | 1700 | ५९,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**काबेली ह्युमन रिसोर्स प्रा. लि.** Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं, नेपाल, फोन: ४११३६०७,९८०१०७७१५२ फ्याक्स: ४११३६०७

**युएईमा रोजगार**
कम्पनी: GARDINIA BUILDING CONTRACTING L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०८/२१ — चलानी नं.: ६०२४८५५२ — LT.No.: 334875

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer / Worker/ Building Worker / Worker | 200 | 0 | स. काममा दक्ष | 1000 | ३९,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

**साउदीमा रोजगार**
कम्पनी: MARSAA AL-BAN CAFE FOR BEVERAGES ESTABLISHMENT — शहर: SAUDI ARABIA,DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०८/२१ — चलानी नं.: ६०२४८५३४ — LT. No.:334826

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee/Tea Maker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४५,९४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ROSALINA HOTEL शहर: SAUDI ARABIA,JEDDAH पूर्व स्वीकृत मिति: २०८२/०८/१६ चलानी नं.: ६०२४८३२६ LT. No.:334716

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook (General) | 2 | 0 | स. काममा दक्ष | 1500 | ५७,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic. No.: 167/056/057
**KANTIPUR OVERSEAS SERVICE PVT. LTD.**
Samakhushi, Kathmandu. Tel No: 4960615/4961916
E-mail: kantipurovs@gmail.com/website: www.kantipuroverseas.com

**ZERO COST कतारमा वैदेशिक रोजगारीको अवसर**
कम्पनी: URBAN HOSPITALITY SERVICES — शहर:QATAR,DOHA
पूर्व स्वीकृत मिति: २०८२/०८/१५ — चलानी नं.: ६०२४८२०८ — LT. No.:334556

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Claener Worker | 47 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tecnician | 32 | 0 | | 1100 | ४३,३६२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ मंसिर २९ गते (15 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Paramount Employment Consultant Pvt. Ltd.
Govt. Lic No.:417/060/061
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052 Email: admin@paramount-consultant.com.
Web: www.paramountconsultant.com

**युएईमा रोजगार**
